# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः २८ सितम्बर २०२६
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**प्रमुख समाचार**

- भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रीय अध्यक्ष नितिन नवीनले गंगासागर मेलालाई 'राष्ट्रीय मेला' को दर्जा दिने पुरानो मांग चाडै पुरा हुने बताउनुभएको छ।
- देशले आज क्रांतिकारी स्वतंत्रता सेनानी शहीद भगत सिंहलाई उहाको 119औ जयंतीमा श्रद्धांजलि अर्पित गरिरहेको छ।
- विधानसभा चुनाउपछि आफ्नो जेड प्लस सुरक्षा हटाइएकोमा मुख्य विपक्षी दल तृणमूल कङ्ग्रेसका महासचिव अभिषेक ब्यानर्जीले कलकत्ता उच्च अदालतको ढोका ढक्ढकाएका छन्।
- उत्तर बंगाल विश्वविद्यालयमा बिगत साढ़े तीन बर्ष देखि स्थायी कुलपतिको नियुक्ति नगरिएको मुद्दा एक पल्ट फेरी अघि आएको छ।
- जीटीए सभामा राजीनामा दिएका सभासदहरूले सहभागिता जनाएको घटनाप्रति गोर्खा राष्ट्रिय मुक्ति मोर्चा दार्जिलिङ ब्राञ्च कमिटीले घोर विरोध जनाएको छ।

**भाजपा अध्यक्ष - गंगासागर पवित्र स्नान**

भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रीय अध्यक्ष नितिन नवीनले गंगासागर मेलालाई 'राष्ट्रीय मेला' को दर्जा दिने पुरानो मांग चाडै पुरा हुने बताउनुभएको छ। उहाले राज्यको आफ्नो दुई दिवसीय भ्रमणको अंतिम दिन पश्चिम बंगालको दक्षिण 24 परगना जिल्लामा गंगासागरको भ्रमण गर्नुभयो। उहाले गंगा नदी अनि बंगालको खाड़ीको संगममा डुबकी लगाउनु भए पछि कपिल मुनि आश्रममा पूजा-अर्चना गर्नुभयो। गंगासागर मेलालाई राष्ट्रीय मेलाको दर्जा दिने विषयबारे सोधिएको प्रश्नको उत्तरमा – यो मांग चाडै पुरा हुने उहाले बताउनुभयो।
byte

**जनसेवा 25 वर्ष**

प्रधानमंत्री नरेन्द्र मोदीले जन सेवाको क्षेत्रमा 25 वर्ष पूरा गर्दै हुनु हुन्छ। 'जन सेवाले देश सेवा' को मंत्र र लगातार जारी रहने समर्पणले यो संभव भएको हो। सेवा र सुशासनको यसै दृष्टिकोणबाट प्रेरित भएर, सरकारले भारतलाई 2047 सम्म 'विकसित राष्ट्र बनाउने लक्ष्य हासिल गर्नका लागि लगातार काम गरि रहेकोछ। समावेशी विकास र सामाजिक सशक्तिकरणको माध्यमद्वारा मानिसहरूको जीवनमा परिवर्तन आइरहेको छ। आज हाम्रो विशेष शृंखलामा हामीले कुरा गरी रहेका छौं 'नमो भारत रैपिड रेल को, जसले कसरी यस संकल्पलाई वास्तविकतामा बदली दिएकोछ।

---- Byte Ashok Chaurasia.......

***नमो भारत, भारतको पहिलो क्षेत्रीय रैपिड ट्रांजिट सिस्टम हो। यो 82 दशमलव 15 किलोमीटर लामो सेमी-हाई-स्पीड कॉरिडोर हो। 30 हजार 274 करोड़ रुपियाँको लागतमा बनाइएको यस कॉरिडोरमा ट्रेनलाई 180 किलोमीटर प्रति घंटको गतिमा चलाउन सकिन्छ। यो सेवा यसै वर्ष फरवरी देखि शुरू गरियो अनि यसले गर्दा दिल्ली देखि मेरठ बीचको यात्रा***

***समय घटेर एक घंटा भन्दा पनि कम भएकोछ। रैपिड रेलको उद्घाटन समारोहमा प्रधानमंत्री नरेंद्र मोदीले भन्नु भएको थियो कि नमो भारत ट्रेनले आधुनिकता, तेज गति र शानदार रफ्तारलाई दर्शाईरहेकोछ।***

.....Byte PM Modi.....

**भगत सिंह – श्रद्धांजलि**

देशले आज क्रांतिकारी स्वतंत्रता सेनानी शहीद भगत सिंहलाई उहाको 119औ जयंतीमा श्रद्धांजलि अर्पित गरिरहेको छ । महान क्रांतिकारी अनि स्वतंत्रता सेनानी शहीद भगत सिंहको जयंतीमा पश्चिम बंगालका मुख्यमंत्री शुभेंदु अधिकारीले उहालाई श्रद्धांजलि अर्पित गर्नुभयो । मुख्यमंत्रीले सोशल मीडियाको माध्यम द्वारा भगत सिंहलाई नमन गर्दै उहाको बलिदानलाई स्मरण गर्नुभयो । भगत सिंहको जन्म 28 सितंबर 1907 मा पंजाबको बंगा गांवमा भएको थियो जो वर्तमानमा पाकिस्तानमा पर्दछ । भगत सिंह भारतीय स्वतंत्रता आंदोलनको प्रमुख क्रांतिकारिहरुमा सामेल थिए । जलियांवाला बाग हत्याकांडको घटनाले उहाको विचार माथि गहिरो प्रभाव परेको थियो । भगत सिंह अनि साथीहरुले ब्रिटिश शासन बिरुद्ध क्रांतिकारी गतिविधिहरुमा भाग लिए । 17 दिसंबर 1928 मा लाहौरमा अंग्रेज अधिकारी जे.पी. सांडर्सको हत्याको कार्रवाहीमा भगत सिंह अनि राजगुरु सामेल थिए । त्येस पछि 8 अप्रैल 1929 मा भगत सिंह अनि बटुकेश्वर दत्तले दिल्लीको केंद्रीय विधानसभामा बम अनि पर्चा फ्याकेको आरोपमा पक्रा परे । ब्रिटिश शासनले भगत सिंह, राजगुरु अनि सुखदेवलाई 23 मार्च 1931 मा फांसी दिए । कम्ती उमेरमै देशको स्वतंत्रताका लागि दिईएको बलिदानको कारण भगत सिंहलाई भारतीय स्वतंत्रता संग्रामको इतिहासमा आज पनि स्मरण गरिन्छ । उहाको जयंतीमा देशभरिमै विभिन्न कार्यक्रमहरुको माध्यम द्वारा उहालाई श्रद्धांजलि दिइन्दै छ ।

**अभिषेक ब्यानर्जी- कलकत्ता उच्च अदालत**

विधानसभा चुनाउपछि आफ्नो जेड प्लस सुरक्षा हटाइएकोमा मुख्य विपक्षी दल तृणमूल कङ्ग्रेसका महासचिव अभिषेक ब्यानर्जीले कलकत्ता उच्च अदालतको ढोका ढक्ढकाएका छन्। आफ्नो सुरक्षा व्यवस्थाप्रति गहिरो चिन्ता व्यक्त गर्दै उहाले उच्च अदालतमा याचिका दर्ता गरी पर्याप्त सुरक्षा उपलब्ध गराउने माग गरेका छन्। चुनाउपछि उहाको भीआईपी सुरक्षालाई पूर्ण रूपमा फिर्ता लिइएको र हाल उहाको सुरक्षा व्यवस्था केही 'हाउस गार्ड्स'को भरोसामा चलिरहेको उहाले याचिकामा आरोप लगाउनुभएको छ। आज अदालतमा अभिषेक ब्यानर्जीका पक्ष राख्दै उहाको वकिलले श्री ब्यानर्जी राज्यको प्रमुख विपक्षी दलका महासचिव रहेको अनि राजनीतिक रूपमा यो निकै महत्त्वपूर्ण पद रहेको बताउनुभयो । विधानसभा चुनावअघि उहालाई जेड प्लस श्रेणीको कड़ा सुरक्षा दिइएको थियो, तर चुनाउ सकिएपछि सुरक्षा फिर्ता लिइएको थियो ।

**उत्तर बंगाल विश्वविद्यालय – प्रदर्शन**

उत्तर बंगाल विश्वविद्यालयमा बिगत साढ़े तीन बर्ष देखि स्थायी कुलपतिको नियुक्ति नगरिएको मुद्दा एक पल्ट फेरी अघि आएको छ । विश्वविद्यालयमा स्थायी कुलपति साथै अन्य धेरै महत्वपूर्ण प्रशासनिक पद रिक्त रहेको विरोधमा आज अखिल भारतीय राष्ट्रीय शैक्षिक महासंघले प्रदर्शन गरे । संगठनका कार्यकर्ताहरुले पंचानन बर्माको प्रतिमा अघिबाट विरोध मार्च शुरू गर्दै विश्वविद्यालयको 2 नम्बर गेट भएर प्रशासनिक भवन पुगेर प्रदर्शन समाप्त गरे । प्रदर्शनकारिहरुले विश्वविद्यालयमा चाडो भन्दा चाडो स्थायी कुलपति नियुक्त गर्ने मांग गरेका छन् । संगठनको भनाई अनुसार कुलपतिको नियुक्तिलाई लिएर राज्य सरकार अनि कुलाधिपतिसित चर्चा गर्नको साथै ज्ञापन पनि सुम्पिएको छ ।

**दार्जिलिङ ब्राञ्च कमिटी - विरोध**

जीटीए सभामा राजीनामा दिएका सभासदहरूले सहभागिता जनाएको घटनाप्रति गोर्खा राष्ट्रिय मुक्ति मोर्चा दार्जिलिङ ब्राञ्च कमिटीले घोर विरोध जनाएको छ। यस विषयमा ब्राञ्च कमिटीले पत्रकार सम्मेलन आयोजना गर्दै आफ्नो असन्तुष्टि व्यक्त गरेको छ। गोरामुमो दार्जिलिङ ब्राञ्च कमिटीका अध्यक्ष एमजी सुब्बा र प्रवक्ता देवेन्द्र घतानीले संयुक्त रूपमा प्रेस विज्ञप्ति जारी गर्दै राजीनामा दिइसकेका सभासदहरूको जीटीए सभामा सहभागिताप्रति प्रश्न उठाएका छन्।

**GJMM- कालेबुङ**

गोर्खा जनमुक्ति मोर्चा कालेबुङ जिल्ला समितिले कालेबुङ नगरपालिकामा वर्तमान २३ वटा वार्डलाई बढाएर ३० वटा पुऱ्याउनुपर्ने मागसहित जिल्ला प्रशासन समक्ष औपचारिक प्रस्ताव पेश गरेको छ।

**********